D.A.O. Reg.No. 1210 SWC Reg. No. 33344

# तराई मानव अधिकार रक्षक सञ्जाल

# TERAI HUMAN RIGHTS DEFENDERS ALLIANCE

Ref.No: Dispatch No:

मिति: २०७३।११।२३

## प्रेस विज्ञप्ति

नेपाल कम्युनिष्ट पार्टी एमालेले थालेको मेची महाकाली राष्ट्रिय अभियानअन्तर्गत सुनसरी र सप्तरी जिल्लाको विभिन्न ठाउँहरुमा कार्यक्रम गर्ने भएकोले र सोको विरोधमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले पनि विभिन्न कार्यक्रमहरुको आह्वान सहित बन्दको घोषणा गरेकोले आज मिति २०७३।११।२३ गते बिहानैदेखि सुनसरी तथा सप्तरीको इनरुवा, राजविराज, भारदह लगायतका विभिन्न स्थानहरु तनावग्रस्त भएका छन् । नेकपा एमालेले इनरुवाको बसपार्कमा विहान ११ बजेदेखि कार्यक्रम शुरु गर्ने तयारी गरेको छ । कार्यक्रम स्थल वरिपरि मोर्चाका नेता तथा कार्यकर्ताहरु कालो झण्डा र लाठी लिएर प्रदर्शन गरिरहेका छन् । सशस्त्र प्रहरी एवं जनपद प्रहरीहरु पनि अत्याधिक संख्यामा परिचालन गरिएको छ । मोर्चाका कार्यकर्ताहरुले एमालेको झण्डा हटाइ आफ्नो कालो झण्डा लगाउन प्रयत्न गरिरहेकोले झडप हुने सम्भावना बढ्दै गइरहेको छ । जनपद प्रहरीले मोर्चाले लगाएको कालो झण्डा निकाल्दै फ्यालिरहेका छन् ।

त्यसैगरी सप्तरी को राजविराज तथा भारदह बजार पूर्णतः बन्द छ । उक्त ठाउँहरुमा पनि अत्याधिक संख्यामा जनपद र सशस्त्र प्रहरी परिचालन गरिएको छ । राजविराजमा एमालेले गर्ने कार्यक्रम स्थलमा दुइवटा बम फेला परेका छन् । उक्त कार्यक्रम स्थलहरुमा राष्ट्रिय मानव अधिकार आयोग, इन्सेक लगायतका मानव अधिकारवादी संस्थाहरुले अनुगमन गरिरहेका छन् । एमाले र मधेसी मोर्चाका कार्यकर्ताहरुबीच झडप हुनसक्ने खतराका कारण यी जिल्लाहरुमा भयको वातावरण व्याप्त छ । भारदहवाट संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाका केही स्थानीय नेताहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

यसरी दुईवटा राजनितिक दलहरुको हठका कारण उत्पन्न हुने र हुनगएको यस गंभीर परिस्थितिप्रति हामी सवैको ध्यानाकर्षण गराउन चाहन्छौ । आम जनतामा त्रास उत्पन्न हुने, जीउ ज्यान तथा सम्पत्ति लगायतका अन्य क्षति हुने कुराहरुतर्फ सवै राजनितिक दलहरु संवेदनशील भइ संयमता अपनाउन समेत अनुरोध गर्दछौ । साथै आम नागरिकको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरुबाट कुनै किसिमको मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटनाहरु नघटुन भन्नेतिर पनि सम्बन्धित सवैमा अनुरोध गर्न चाहन्छौ ।

रणधीर चौधरी

नि. क्षेत्रीय संयोजक

बिराटनगर

*Collective Voice for Equity and Justice*

**THRD Alliance, Jaleshwor-4,Mahottari, Contact Office: Biratnagar, 021-530789,**

**Email: thrdalliance@gmail.com, website: www.thrda.org**